# वैदेशिक रोजगारमा जाने श्रमिकहरुका लागि तालिम सञ्चालन गर्ने संस्थाको लागि आवश्यक न्यूनतम मापदण्ड सम्बन्धी कार्यविधि, २०८०

मन्त्रालयबाट स्वीकृत मिति :२०८०।०८।२०

प्रस्तावना : वैदेशिक रोजगारमा जाने श्रमिकहरुका लागि सीपमूलक, व्यवसायिक तथा गन्तव्य मुलुकको कानून, भाषा, संस्कृति, रहन सहन सम्बन्धी तालिम प्रदान गर्ने तालिम प्रदायक संस्थाको लागि न्यूनतम मापदण्ड तोक्न आवश्यक भएकोले,-

वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ५२क. को उपनियम (२) बमोजिम मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस मापदण्डको नाम "वैदेशिक रोजगारमा जाने श्रमिकहरुका लागि तालिम सञ्चालन गर्ने संस्थाको लागि आवश्यक न्यूनतम मापदण्ड सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यसका कार्यविधिमा,-

(क) "FEIMS" भन्नाले वैदेशिक रोजगार सम्बन्धी सेवालाई सूचना प्रणाली मार्फत अनलाइन प्रदान गर्न बनाइएको कम्प्युटर एप्लीकेशन सफ्टवेयर सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले वैदेशिक रोजगार नियमावली, २०६४ सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्छ।

(ङ) "विभाग" भन्नाले वैदेशिक रोजगार विभाग सम्झनु पर्छ।

(च) "संस्था" भन्नाले वैदेशिक रोजगारमा जाने श्रमिकहरुलाई व्यावसायिक र अभिमुखीकरण तालिम प्रदान गर्ने तालिम प्रदायक संस्था सम्झनु पर्छ।

## परिच्छेद-२
## संस्था, सञ्चालक र तालिम सम्बन्धी व्यवस्था

३. तालिमका क्षेत्रहरु : (१) वैदेशिक रोजगारमा जाने श्रमिकहरुका लागि सञ्चालन गरिने तालिमका मुख्य क्षेत्रहरु देहाय बमोजिम हुनेछ:-

(क) हाउस किपिङ्ग,

(ख) सरसफाई,

(ग) बगैचा सम्बन्धी,

(घ) खाना पकाउने,

(ङ) सुरक्षा पाले,

(च) रङ्ग लगाउने,

(छ) वेल्डिङ्ग,

(ज) विजुलि मर्मत सम्भार,

(झ) प्लम्बिङ्ग,

(ञ) स्याहारसुसार,

(ट) कपाल काट्ने,

(ठ) कुलिनरी आर्ट,

(ड) हस्पिटालिटि।

(२) उपदफा (१) बमोजिमको तालिमका क्षेत्रमा मन्त्रालयले आवश्यक्तानुसार थपघट गर्न सक्नेछ।

४. <u>संस्थाको सञ्चालकको योग्यता</u> : वैदेशिक रोजगार मा जाने श्रमिकहरुलाई तालिम सञ्चालन गर्न चाहने संस्थाको सञ्चालक को योग्यता, आचरण तथा आवश्यक कागजात सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनु पर्नेछः-

(क) संस्थाको संस्थापकमा कम्तिमा एक जना स्नातक उत्तीर्ण हुनु पर्ने,

(ख) संस्थाको सञ्चालकहरु मध्ये एकजना वैदेशिक रोजगार सम्बन्धी एक वर्ष तालिम सञ्चालनको अनुभव भएको हुनु पर्ने,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोग वा वैदेशिक रोजगार सम्बन्धी कसुरमा सजाय नपाएको हुनु पर्ने,

(घ) संस्थाका संस्थापक वा सञ्चालक यस अघि वैदेशिक रोजगारमा श्रमिक पठाउने संस्था, घरेलु तालिम तथा अभिमुखिकरण तालिम सञ्चालन गर्ने संस्थामा आवद्ध भई खारेजीमा नपरेको हुनु पर्ने,

(ङ) प्रचलित कानूनले अयोग्य नभएको हुनु पर्ने।

५. <u>भौतिक पूर्वाधार सम्बन्धी व्यवस्था</u> : वैदेशिक रोजगारमा जाने श्रमिकहरुलाई तालिम सञ्चालन गर्ने संस्थाको भौतिक पूर्वाधार देहाय बमोजिमको हुनु पर्नेछ :-

(क) तालिम केन्द्र कम्तिमा पैंतीस सय वर्ग फिट वा सात रोपनी क्षेत्रमा फैलिएको हुनु पर्ने।

(ख) तालिम केन्द्र चार पाङ्ग्रे सवारी पुग्न सक्ने स्थलमा हुन पर्ने तथा कम्तिमा दशवटा चार पाङ्ग्रे गाडी तथा पचास वटा मोटरसाईकल पार्किङ्ग गर्ने सकिने हुनु पर्ने।

(ग) संस्थाको नाम र वैदेशिक रोजगार विभागबाट प्राप्त अनुमति पत्र नम्बर समेत देखिने गरि (चारफिट लम्बाई र पच्चीस फिट चौडाईको बोर्ड) सर्वसाधरणले देख्ने स्थानमा राख्नु पर्ने।

(घ) सैद्धान्तिक तथा प्रयोगात्मक कक्षा सञ्चालन हुने तालिम कक्षामा विद्युत जडान भएको एवम अन्य आवश्यक उपकरणहरु जडान गर्न मिल्ने हुनु पर्ने।

(ङ) तालिम केन्द्रमा व्यवस्थित सभाहलको व्यवस्था हुनु पर्ने।

(च) भाडाको घर भए घरधनीसँग गरेको सम्झौता हुनु पर्ने।

६. **<u>घरको सरसफाई गर्ने तालिम सम्बन्धी व्यवस्था</u> :** वैदेशिक रोजगारमा जाने श्रमिकको लागि घर तथा कार्यालयको सरसफाई गर्ने सम्बन्धी तालिमको लागि देहाय बमोजिमको व्यवस्था हुनु पर्नेछ :-

(क) तालिम कक्षामा सरसफाई सम्बन्धी उपयुक्त व्यवस्था हुनु पर्नेछ,

(ख) तालिम कक्षाको न्यूनतम क्षेत्रफल ६ सय वर्ग फिटको हुनु पर्नेछ र तालिम कक्षामा झ्याल र भेन्टिलेसन भएको हुनु पर्नेछ,

(ग) दुई वटा पावर सकेट र वातानुकुलित सहितको विद्युतीय सुविधा हुनु पर्नेछ,

(घ) तालिम कक्षको भुई, भित्ताहरु, सिलिङ्गको राम्रो परिष्करण भएको हुनु पर्नेछ,

(ङ) तालिम कक्षामा सुविधा सम्पन्न फर्निचरको व्यवस्था हुनु पर्नेछ,

(च) प्रयोगात्मक अभ्यासक लागि तोकिए बमोजिमका आवश्यक सामग्रीहरु हनु पर्नेछ।

७. **<u>खाना बनाउने तालिम सम्बन्धी व्यवस्था</u> :** वैदेशिक रोजगारमा जाने श्रमिकको लागि खाना बनाउने तालिमको लागि देहाय बमोजिमको व्यवस्था हुनु पर्नेछ :-

(क) खाना बनाउन प्रशिक्षण दिने प्रयोगशालाको क्षेत्रफल कम्तिमा एक सय पचास वर्ग फिटको हुनु पर्नेछ,

(ख) प्रयोगशालामा झ्याल र भेन्टिलेसन भएको हुनु पर्नेछ,

(ग) दुईवटा पावर सकेट र वातानुकुलिन सहितको विद्युतीय सुविधा हुनु पर्नेछ,

(घ) प्रयोगशालामा आधुनिक चिम्नीको व्यवस्था भएको हुनु पर्नेछ,

(छ) प्रयोगशालाको भुई, भित्ताहरु, सिलिङ्गको राम्रो परिष्करण भएको हुनु पर्नेछ।

८. **<u>सौचालय र स्नानघर सरसफाई गर्ने तालिम सम्बन्धी व्यवस्था</u> :** वैदेशिक रोजगारमा जाने श्रमिकको लागि सौचालय र स्नानघर सरसफाई गर्ने तालिमको लागि देहाय बमोजिमको व्यवस्था हुनु पर्नेछ:-

(क) कम्तिमा पाँच सय जना प्रशिक्षार्थीहरुको लागि आवश्यक सौचालयको व्यवस्था हुनु पर्नेछ,

(ख) स्नानघरमा सावर, गिजर तथा कमोटको साथै वास वेसिनको उचित व्यवस्था हुनु पर्नेछ,

(ग) स्नानघर गन्तव्य मुलुकको अनुकुलको हुनु पर्नेछ,

(घ) स्नानघरमा कपडा धुने मेशिन हुनु पर्नेछ वा उपयुक्त ठाउँमा कपडा धुने मेशिनको व्यवस्था भएको हुनु पर्नेछ।

९. **<u>प्रशिक्षार्थीको सैद्धान्तिक परिक्षण सम्बन्धी व्यवस्था</u> :** तालिम प्राप्त प्रशिक्षार्थीको लागि सैद्धान्तिक परिक्षण सम्बन्धी व्यवस्था देहाय बमोजिम गर्नु पर्नेछ:-

(क) एउटा कक्षामा पच्चीस जना मात्र प्रशिक्षार्थी राख्नु पर्ने,

(ख) कम्तिमा ६ सय वर्ग क्षेत्रफलको कक्षाकोठा र कम्तिमा दश वटा कक्षाकोठा हुनु पर्ने,

(ग) झ्याल, ढोका सहित टेवल, डेस्क तथा कुर्सीको व्यवस्था भएको हुनु पर्ने,

(घ) एउटा संस्थाले एक पटकमा पाँच सय जना प्रशिक्षार्थीहरुको तालिम सञ्चालन गर्न पाउनेछ,

(ङ) कक्षा कोठामा बिजुलीको उचित व्यवस्था र न्यूनतम पचासी इन्चको सेतो बोर्ड (White Board) तथा प्रोजेक्टरको व्यवस्था भएको हुनु पर्ने,

(च) सञ्चालक तथा प्रशिक्षकहरुको लागि छुट्टै कार्यकक्षको व्यवस्था हुनु पर्ने,

(छ) प्रशिक्षार्थी एवम प्रशिक्षकहरुको अनिवार्य विद्युत्तीय हाजिरीको व्यवस्था हुनु पर्ने र आएको र गएको अभिलेख राख्नु पर्ने,

(ज) FEIMS प्रणालीसँग मेल खाने Eye Scanner हुनु पर्ने।

## परिच्छेद-३
## जनशक्ति, उपकरण तथा औजार सम्बन्धी व्यवस्था

१०. <u>जनशक्ति सम्बन्धी व्यवस्था</u> : (१) तालिम केन्द्रमा देहाय बमोजिमको जनशक्ति हुनु पर्नेछः-

(क) प्रशासक -१ जना,

(ख) लेखा हेर्ने -१ जना,

(ग) रिसेप्सनिष्ट -१ जना ,

(घ) पुरुष वार्डेन -२ जना,

(ङ) महिला वार्डेन -२ जना,

(च) खाना बनाउने -३ जना,

(छ) कार्यालय सहयोगी -६ जना।

११. <u>प्रशिक्षक सम्बन्धी व्यवस्था</u> : तालिम केन्द्रमा देहाय बमोजिमको प्रशिक्षक हुनु पर्नेछः-

(क) स्नातक उतिर्ण गरी वैदेशिक रोजगार सम्बन्धी प्रशिक्षण गरेको प्रशिक्षक -३ जना,

(ख) घरेलु श्रमिकको रुपमा कम्तिमा २ वर्ष वैदेशिक रोजगारमा गएको र गन्तव्य मुलुकको भाषाको ज्ञान भएको प्रशिक्षक - ६ जना,

(ग) घरेलु श्रमिकको प्रशिक्षण लिएको र कम्तिमा १०+२ गरेको प्रशिक्षक -३ जना,

(घ) यस दफा बमोजिमको प्रशिक्षकहरु मध्ये पचास प्रतिशत महिला हुनु पर्ने,

(ङ) संस्था र प्रशिक्षकबीच लिखित रोजगार सम्झौता हुनु पर्ने।

१२. <u>कम्प्यूटर ल्याब सम्बन्धी</u> : प्रशिक्षार्थीहरुलाई कम्प्युटर मार्फत तालिम प्रदान गर्नका लागि सुविधायुक्त कम्प्युटर ल्याबको व्यवस्था हुनु पर्ने।

१३. <u>मनोसामाजिक परामर्श सम्बन्धी</u> : प्रशिक्षार्थीहरुको लागि मनोसामाजिक परामर्शका लागि परामर्शदाताको व्यवस्था हुनु पर्ने।

१४. **गन्तव्य देशको आधारभूत भाषा प्रशिक्षण सम्बन्धी व्यवस्था** : तालिम केन्द्रमा गन्तव्य देशको आधारभूत भाषा प्रशिक्षण गर्नका लागि सम्बन्धित भाषा प्रशिक्षकको व्यवस्था हुनु पर्ने।

१५. **तालिम केन्द्रले वित्तीय शिक्षा सम्बन्धी तालिम** : प्रशिक्षार्थीहरुलाई अनिवार्य रुपमा गन्तव्य मुलुकको वित्तीय शिक्षाको सामान्य जानकारी दिनु पर्ने।

१६. **सवारी चालकको तालिम सम्बन्धी** : आवश्यकता अनुसार प्रशिक्षार्थीहरुलाई विभिन्न प्रकारका सवारी साधनहरुको सवारी चालक तालिम उपलब्ध गराउनका लागि आवश्यक सवारी साधनहरुको व्यवस्था भएको हुनु पर्ने।

१७. **सुरक्षा पाले (Security Guard) सम्बन्धी तालिम** : सुरक्षा पालेको तालिम प्रदायक संस्थाको देहाय बमोजिमको व्यवस्था हुनु पर्नेछ:-

(क) ISO मान्यता प्राप्त संस्था हुनु पर्ने,

(ख) United Nation सँग आवद्धता (UN Listed) भएको हुनु पर्ने।

१८. **औजार तथा उपकरणहरु** : (१) सरसफाई सम्बन्धी तालिमका लागि तालिम कक्षामा देहाय बमोजिमका सामग्रिहरु अनिवार्य भएको हुनु पर्नेछ:-

| क्र.स. | सरसफाईका सामानहरु |
|---|---|
| १ | फ्लोर वाईपर |
| २ | भुई सफा गर्ने ब्रस |
| ३ | भुई पुस्ने खस्रो कपडा |
| ४ | बाल्टी |
| ५ | डस्टविन |
| ६ | डस्टपेन सेट (फोहर उठाउने) |
| ७ | कार्पेट सफा गर्ने ब्रस |
| ८ | रबर मपर |
| ९ | भ्याकुम क्लिनर |
| १० | माक्स |
| ११ | किचन ग्लोबस |
| १२ | साबुन/सरफ |
| १३ | Wound cleaner, Toilet cleaner, Kitchen cleaner |
| १४ | तोलिया फरक फरक साईजको |

(२) खाना बनाउने सम्बन्धी तालिमका लागि तालिम कक्षामा देहाय बमोजिमका सामग्रिहरु हुनु पर्नेछ:-

| क्र.स. | सामग्री |
|---|---|
| १ | ग्यास चुलो (कम्तिमा ४ वटा Burner भएको) |
| २ | Induction चुलो |
| ३ | Infra-red चुलो |

| | |
|---|---|
| ४ | रेफ्रिजेरेटर |
| ५ | Modern Micro Oven |
| ६ | जुस बनाउने मेसिन |
| ७ | मिक्सर ग्राइन्डर |
| ८ | Apron |
| ९ | Toaster |
| १० | Rice Cooker |
| ११ | Pressure Cooker |
| १२ | Dish washer |
| १३ | Kitchen Utensils (spoon, fork, cooking dishes) |
| १४ | किचन र्‍याक |
| १५ | Tray |
| १६ | Thermos (electric and non-electric) |
| १७ | Tea and Coffee cup set |
| १८ | Dining Table with six chairs |
| १९ | खाना खाने प्लेट सेट |
| २० | हटकेस |
| २१ | Soup खाने सेट |
| २२ | बच्चालाई हेरचाह गर्ने सेट<br>Baby cot<br>Bottle feeder<br>Child Chair<br>Child car set<br>Diaper<br>Baby wiper<br>Baby Apron |
| २३ | बिरामी हेरचाह गर्ने सम्बन्धी सामग्रीहरु |

(३) हाउस किपिङ्ग सम्बन्धी तालिमका लागि तालिम कक्षमा देहाय बमोजिमका सामग्रीहरु हुनु पर्नेछ:-

| **क.स.** | **सामग्रीहरु** |
|---|---|
| १ | Iron/Steam Iron/Iron Board |
| २ | भिजेको कपडा राख्ने Basket |
| ३ | धोएको कपडा राख्ने Basket |
| ४ | लुगा राख्ने दराज |
| ५ | Bedroom (Bed, Small Table, Dressing Table, Chairs, Carpet, hangers,) |
| ६ | Living Room (Sofa set, TV, TV Rack, flower vase,) |

(४) गार्डेनिङ्ग (बगैचा) सम्बन्धी तालिमका लागि तालिम कक्षामा देहाय बमोजिमका सामग्रिहरु हुनु पर्नेछ:-

| क्र.स. | सामग्रीहरु |
|---|---|
| १ | Garden Fork (गार्डेन फोर्क) |
| २ | Spade (कोदाली) |
| ३ | Secateurs |
| ४ | गार्डेन चक्कु |
| ५ | Garden Hoes |
| ६ | Knee Protection |
| ७ | Wheelbarrow (पाङग्रा) |

## परिच्छेद-४
## विविध

१९. आवासको व्यवस्था : तालिममा सहभागी हुने प्रशिक्षार्थीहरुको लागि तालिम केन्द्रले देहाय बमोजिमको आवासको व्यवस्था गर्नु पर्नेछ:-

(क) प्रशिक्षार्थीहरूको लागि आवासको उचित व्यवस्था भएको हुनु पर्ने वा आवासको लागि घरभाडामा लिएको भए सञ्चालकले घरधनीसँग घर भाडामा लिनेदिने सम्बन्धी गरेको सम्झौता पत्र,

(ख) आवासमा कम्तीमा पाँच सय जना व्यक्तिहरु बस्न सक्ने क्षमताको हुनु पर्ने र प्रशिक्षार्थीहरुको लागि आवश्यक पर्ने पानी, शौचालय, वेड तथा अन्य आवश्यक सामानहरु पूर्ण रुपले उपलब्ध हुनु पर्ने,

(ग) प्रशिक्षार्थीहरुलाई अनिवार्य तपसिलका सुविधा सहित आवासको व्यवस्था हुनु पर्ने:-

(१) पुरुष र महिलाको लागि फरक भवनको व्यवस्था हुनु पर्ने,

(२) दैनिक ४ पटक (बिहानको खाजा, खाना बेलुकाको खाजा, खाना) आवासमा नै भान्साको व्यवस्था भएको र भान्सेको पनि व्यवस्था भएको हुनु पर्ने,

(३) आवसमा पर्याप्त मात्रामा खेलकुद तथा मनोरञ्जनका सामानहरु र खेल मैदान हुनु पर्ने,

(४) आवास क्षेत्रमा बाहिरी मानिसहरु तथा जनावरहरु छिर्न नसक्ने किसिमको कम्पाउण्ड वाल घेरिएको हुनु पर्ने,

(५) आवसमा पाँच सय जना व्यक्तिहरु बसी खान सक्ने भान्साघर तथा डाइनिङ्गको व्यवस्था हुनु पर्ने,

(६) आवासमा दुई जना स्वास्थ्यकर्मी सहितको प्राथमिक उपचारको व्यवस्था हुनु पर्ने,

(७) आकस्मिक सुरक्षा उपकरणहरु जोडिएको हुनु पर्ने र सुरक्षाकर्मी बस्ने सुरक्षा पोष्टको व्यवस्था हुनु पर्ने,

(८) सफा र शुद्ध खानेपानीको व्यवस्था हुनु पर्ने,

(९) सफा र सुविधायुक्त शौचालयको व्यवस्था हुनु पर्ने।

२०. बाधा अड्काउ फुकाउने : यो कार्यविधि कार्यान्वयनमा द्विविधा वा अस्पष्ट हुन गएमा वाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयलाई हुनेछ।